नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १५१६

मिति : २०७८/१२/२८

विषयः निर्णय कार्यान्वयन गर्नु गराउनु हुन।

श्री स्थानीय तह, सबै।

सामाजिक सुरक्षा भत्ता अनिवार्यरुपमा बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने सन्दर्भमा स्थानीय तहहरुमा आइपर्ने समस्याहरुको समाधानका लागि देहायको कार्यादेश (काम कर्तव्य) सहित "स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति" गठन गर्ने गृह मन्त्रालयको मिति २०७८/१२/७ (सचिवस्तर) को निर्णय भएको छ। सबै पालिकाहरुले तपसिल बमोजिमको समिति गठन गरी यस विभागमा जानकारी पठाउनु हुन अनुरोध छ।

तपसिलः

स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति

| | |
|---|---|
| सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| सम्बन्धित बैंकका शाखा प्रमुखहरु | सदस्य |
| स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि मध्येबाट स्थानीय तहले तोकेको दुई जना (१ महिला१ पुरुष) प्रतिनिधि | सदस्य |
| जिल्ला प्रशासन कार्यालयले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| सम्बन्धित पालिकाको सामाजिक सुरक्षा हेर्ने अधिकृत | सदस्य सचिव |

समितिको काम कर्तव्यः

१. सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्बन्धमा स्थानीय तहमा परेका समस्या समाधान गर्ने तथा सामाजिक सुरक्षा कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन पालिका, वडा कार्यालय, बैंक तथा वित्तीय संस्थावीच प्रभावकारी समन्वय गर्ने।

२. सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज, सरल र पहुँचयोग्य बनाउन स्थानीय तहमा सुधारका उपाय पहिचान गर्ने।

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १५१६

मिति : २०७८।१२।२८

३. नब्बे वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति अशक्त, अपाङ्गता भएका नागरिक र दुर्गम तथा विकट स्थानका लाभग्राही पहिचान गरी त्यस्ता लाभग्राहीहरुलाई घरदैलोमा नै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन सहजीकरण, समन्वय लगायत आवश्यक व्यवस्थापन गर्न आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्ने।

४. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका व्यक्तिहरुको वास्तविक तथ्याङ्क यकिन गर्नका लागि तथ्याङ्क शुद्धिकरण गर्ने र सामाजिक सुरक्षा भत्ता वितरणमा हुनसक्ने दोहोरोपनलाई नियन्त्रण गर्न आवश्यक सहजीकरण गर्ने।

५. सामाजिक सुरक्षाको सम्बन्धमा वित्तीय सक्षारता, सामाजिक सुरक्षा प्राप्तिको प्रक्रिया तथा त्यसको उपयोग लगायतका बिषयमा लाभग्राही तथा सबै नागरिकमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

६. विपद्को समयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आफ्नो स्थानीय तहमा आपतकालित कार्ययोजना तथा कार्यक्रम बनाउन समन्वय गरी भत्ता वितरणलाई सहजीकरण गर्ने।

७. लाभग्राहीहरुको पूर्ण विवरण (फवार्ड फिड) बैंकमा पठाउने र बैंकले लाभग्राहीलाई रकम उपलब्ध गराएको विवरण (रिभर्स फिड) स्थानीय तहमा पठाउने कार्य यथासमयमा गर्ने गराउने।

८. स्थानीय तहमा समाधान हुन नसक्ने खालका समस्यालाई समाधानका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा सिफारिस गर्ने।

२०७८/१२/२८

(मेघ राज शंकर)
शाखा अधिकृत